# नेपाल राष्ट्र बैंक

# विज्ञप्ति

१. २०७२ साल वैशाख १२ गते नेपालमा आएको भूकम्पबाट पीडित दाजुभाइ तथा दिदीबहिनीहरूको उद्धारका लागि देशविदेशमा रहेका संघसंस्था तथा महानुभावहरूले आफ्नो दु:खले आर्जन गरेको रकमबाट विभिन्न संघसंस्था तथा समूहले खोलेका बैंक खातामा जम्मा हुने गरी सहयोग रकम पठाउनु भएको विषय सराहनीय छ । यसरी पठाइएको सहयोग रकम वास्तविक पीडित पक्षले पाउन् भन्ने उद्देश्यले राहतको लागि खोलिएका बैंक खाताहरूको रकम इयरमार्क गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा मात्र रकमान्तर गर्ने व्यवस्था मिलाइएको छ ।

२. भूकम्पका कारण विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट प्रदान भइआएको बैंकिङ सेवा केही समय अवरुद्ध हुन पुगेकोमा हाल बैंक तथा वित्तीय संस्थाहरूको भूकम्पबाट क्षति पुगी तुरुन्तै सेवा दिन नसकिने बाहेकका सबै शाखाहरूबाट सेवा सुचारु भइसकेको छ । क्षति भएका शाखाहरुका ग्राहकलाई समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थाका अन्य शाखाहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

३. २०७२ साल वैशाख १८ र १९ गते सार्वजनिक विदा भए तापनि हालको अवस्थालाई ध्यानमा राखी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना केही शाखाहरू खुला राखी सेवा प्रदान गर्ने व्यवस्था गरेको हुनाले सम्बन्धित ग्राहकहरूलाई यस्ता शाखाहरूबाट सेवा लिन अनुरोध गरिन्छ ।